# इटहरी उपमहानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

इटहरी, सुनसरी

१ नं. प्रदेश, नेपाल

०२५-५८००४६
०२५-५८२३१९
०२५-५८२८१९
०२५-५८२१६९


प.सं.
च.न:

**विषय : औषधि तथा औषधि जन्य सामग्री खरिद सम्वन्धि शिलवन्दी दरभाउपत्र आव्हानको सुचना ।**

**दोश्रो पटक प्रकाशित मिति :२०७७।०३ ।१५**

यस कार्यालयवाट सूचना प्रकाशित भएको मितिले १५ औ दिन कार्यालय समय भित्र दरभाउपत्र खरिद दस्तुर वापत रु.१०००।-(एक हजारमात्र) फिर्ता नहुने गरी जम्मा गरेको सक्कलै भौचर निवेदन साथ संलग्न राखि कार्यालय समय भित्र सिलवन्दी दरभाउपत्र दार्ता वा निजको अधिकृत प्रतिनिधिले यस कार्यालयवाट दरभाउपत्र फारम खरिद गर्न सक्ने छ । दरभाउपत्र खरिद गर्नको लागि निवेदकले चालु आ.व.का लागि नविकरण गरिएको कम्पनि दर्ता प्रमाण पत्र वा फर्म दर्ता प्रमाण पत्र, नेपाली नागरिकताको प्रमाण पत्र तथा मु.अ. कर दर्ता प्रमाण पत्रको नोटरी पव्लिकबाट प्रमाणित प्रतिलिपीहरु संलग्न राखि यस कार्यालयवाट दरभाउपत्र फारम खरिद गर्न निवेदन पेश गर्नुपर्ने छ । खरिद गर्नुपर्ने औषधिको विवरण यस कार्यालयको वेभसाइट www.itaharimun.gov.np मा हेर्न सकिने छ ।

१. शिलवन्दी दरभाउ फारम खरिद गर्न आउदा निवेदन साथ नविरणको म्याद समाप्त नभएको औषधि विकि गर्ने इजाजत पत्र, मुल्य अभिवृद्धिकरमा दर्ता भएको आ.व. २०७५।०७६ मा कर चुक्ता भएको प्रमाण पत्रको प्रतिलिपी सम्लग्न हुनु पर्ने छ ।

२. सुचना प्रकाशित भएको मितिले १५ औ दिन सम्म दरभाउपत्र फारम विकी वितरण हुनेछ । १६ औ दिनको १२ वजे सम्म विकि भएका दरभाउपत्रहरु दर्ता गरि सक्नु पर्ने छ । सो सिलवन्दी दरभाउपत्र साथ तपशीलमा तोके वमोजिमको रकम मान्यता प्राप्त बैकवाट जारी भएको कम्तिमा ७५ दिन (शिलवन्दी दरभाउपत्र बुझाउने अन्तिम मिति वाट) म्याद भएको जमानत (विड वाउण्डको ) सक्कल प्रति वैक जमानत वा नेपाल बैक लि. इटहरीमा रहेको यस इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको धरौटी खाता नं. ०५९०३००००३०००००००१ मा जम्मा गरि सो को सक्कलै भौचर पेश गर्नुपर्ने छ ।

३.शिलवन्दी दरभाउपत्र दाताले दरभाउ खरिद गर्दा सम्वन्धित कार्यालयको अधिकार प्राप्त अधिकारीको दस्तखत र कार्यालयको छाप लागेको निवेदन पेश गर्नुपर्ने छ । दस्तखत वा कार्यालयको छाप नभएको निवेदन मान्य हुने छैन ।

४. दरभाउपत्र विकि गर्ने तथा दर्ता गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु सो को भोलिपल्ट क्रमश हुनेछ ।

५. म्याद भित्र दर्ता हुन आएका शिलवन्दी दरभाउपत्र फारमहरु १६ औ दिनको १.०० वजे पछि कार्यालयका प्रतिनिधिहरु र दरभाउ पत्रदाताहरु वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खालिने छ । दरभाउ पत्रपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि खोल्न वाधा पर्ने छैन ।

६. शिलवन्दी दरभाउपत्रमा कवोल गरिएको दररेट अंक र अक्षर दुवैमा प्रष्ट रुपमा लेखिएको हुनु पर्ने छ ।

७. औषधि खरिद गर्दा औषधि व्यवस्था विभागमा स्वीकृत प्राप्त औषधिहरु मध्ये WHO GMP Certified Company वाट उत्पादित औषधिहरु मात्र खरिद गरिने छ ।

८. सप्लाई हुने औषधिको प्रत्येक प्याकिङको वाहिर औषधिको नाम ,मात्रा ,उत्पादन मिति(MFG Date), म्याद समाप्त हुने मिति (Expiry date) र व्याच नं.उल्लेख भएको हुनुपर्ने छ । औषधिको स्ट्रीप ,वोतल,ट्येव,प्याकेटमा अनिवार्य रुपमा निशुल्क वितरण free supply for Ministry of Health Nepal स्पष्ट रुपमा उल्लेख भएको हुनु पर्ने छ ।

९. पेश भएका औषधि खरिदको शिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा एकमुष्ट स्विकृत गर्ने अधिकार यस कार्यालयमा मात्र निहित रहने छ ।

कृष्ण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
१ नं. प्रदेश, नेपाल

☎ ०२५-५८००४६
०२५-५८२३१९
०२५-५८२८१९
०२५-५८२१६९

प.सं.
च.नः

**विषय : औषधि तथा औषधि जन्य सामग्री खरिद सम्वन्धि शिलवन्दी दरभाउपत्र आव्हानको सुचना ।**

१०. शिलवन्दी दरभाउपत्र पेश गर्दा मूल्य अभिवृद्धि कर वाहेकको दररेट प्रति इकाईमा उल्लेख गरी जम्मा गरि मु.अ. कर लाग्नेको मात्र मु.अ. कर उल्लेख गरी पेश गर्नुपर्ने छ ।

११. शिलवन्दी दरभाउपत्र स्वीकृत भएपछि संझौता गर्न आउदा सम्झौता अंकको थप ५(पाँच) प्रतिशत ले हुन आउने रकम बराबरको मान्यता प्राप्त वैकवाट जमानत पत्र वा नगद माथी उल्लेखित धरौटी खातामा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्ने छ ।

१२. कार्यालयमा औषधिी दाखिला हुन आउदा सम्म औषधिको म्याद (Expiry Date) १८ महिना वाँकी हुनुपर्ने छ । कुनै औषधिको Expiry Date १८ महिना भन्दा कम हुने अवस्थामा औषधिको self Life को कम्तिमा ७५ प्रतिशत म्याद वाँकी हुदा दाखिला गर्न सकिनेछ ।

१३. कार्यालय सम्म औषधि आपुर्ति गर्न लाग्ने ढुवानी तथा अन्य करहरु दरभाउपत्र दाता स्वयंले व्यहोर्नु पर्ने छ ।

१४. दरभाउपत्र फारममा खरिद गर्ने प्रत्येक औषधि Item wise उत्पादक कम्पनिको नाम अनिवार्य रुपले भर्नुपर्ने छ । यसरी कम्पनि उल्लेख नभएको फर्म मान्य हुने छैन । सुई ,धुलो, झोल औषधिहरु वाहेक अन्य सम्पुर्ण औषधिहरु ( ट्याव्लेट र क्याप्सुल Strip प्याकमा, वोतलआइटम प्लाष्टिक वोतलमा) Strip मा आपुर्ति हुनु पर्ने छ ।

१५. एक बिक्रेताको नाउमा बिकी भएको दरभाउपत्र अर्को बिक्रेताको नाँउमा दाखिला गर्न पाउने छैन ।

१६. यस सुचनामा छुट हुन गएको अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ था प्रचलित कानुन अनुसार हुनेछ ।

तपशिल :

| क्र.सं. | विवरण | किसिम | दर भाउपत्र फारम खरिद दस्तुर | धरौटी (BID Bond) रकम रु. | फारम पाईने स्थान | फारम खरिद गर्ने अन्तिम मिति | सिलवन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|
| १. | औषधि खरिद | दरभाउ पत्र | १००० | २५,००० | इटहरी उप-मनपा कोठा नं.९, कर शाखा | २०७७०३।२९ गते सम्म | २०७७०३।३० गते (१२.०० वजे सम्म) |

कृष्ण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत